प्रमाणिकरण गर्नेको

नाम : अनिल प्रसाद जोशी

पद : प्रमुख प्रशासकीय अधिकृत

मिति : २०७५।०९।०६ गते

पृष्ठ संख्या : ८

# दुर्गाथली राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि

# २०७५

गाउँ कार्यपालिकाबाट स्विकृत
मिति : २०७५।०९।०६ गते

दुर्गाथली गाउँपालिका
गाँउ कार्यपालिकाको कार्यालय
चौधारी, बझाङ्ग
सुदुरपश्चिम प्रदेश, नेपाल

अनिल प्रसाद जोशी
प्रमुख प्रशासकीय अधिकृत

दुर्गाथली गाउँपालिका

# दुर्गाथली राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५

**प्रस्तावनाः**

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम गाउँपालिकाले बनाएको ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड दुर्गाथली राजपत्रमा प्रकाशन गर्न अनिवार्य भएकोले,

पहिलो पटक दुर्गाथली राजपत्र प्रकाशन गर्ने मिति निर्धारण गर्न, दुर्गाथली राजपत्रमा रहने विभिन्न भागहरुको व्यवस्था गर्न, दुर्गाथली राजपत्रको नमूना ढाँचा स्वीकृत गर्न, दुर्गाथली राजपत्र प्रकाशन गर्ने अधिकारीको सम्बन्धमा व्यवस्था गर्न, दुर्गाथली राजपत्रको अभिलेख तथा मूल्य निर्धारण र बिक्री वितरणको प्रबन्ध गर्न दुर्गाथली गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ बमोजिम दुर्गाथली गाउँ कार्यपालिकाको मिति २०७५/०९/०६ मा बसेको बैठकले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

**भाग- १**

**प्रारम्भिक**

१. **कार्यविधिको नामः** यस कार्यविधिको नाम दुर्गाथली राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५ रहेको छ ।

२. **कार्यविधि लागू हुनेः** यो कार्यविधि दुर्गाथली गाउँ कार्यपालिकाबाट पारित भएको मितिदेखि लागू हुनेछ ।

**भाग- २**

**दुर्गाथली राजपत्रको भाग र ढाँचा**

३. **दुर्गाथली राजपत्रको भागहरुः** दुर्गाथली राजपत्रमा प्रकाशन गर्ने विषयवस्तुलाई अनुसूची - १ बमोजिमका भागहरुमा वर्गीकरण गरिएको छ ।

४. **दुर्गाथली राजपत्रको ढाँचा:** दुर्गाथली राजपत्रको ढाँचा अनुसूची -२ मा उल्लेख भए बमोजिम हुनेछ ।

५. **खण्डको व्यवस्था:** दुर्गाथली राजपत्रको खण्ड उल्लेख गर्दा राजपत्र प्रकाशन भएको वर्ष कायम गरी त्यसपछि क्रमश: जति वर्ष भयो त्यति नै संख्या उल्लेख गरी प्रकाशन गरिनेछ ।

६. **दुर्गाथली राजपत्रको संख्या:** (१) दुर्गाथली राजपत्रको संख्या कायम गर्दा क्रमश: संख्या कायम गरिनेछ ।

(२) उपदफा (१) बमोजिम संख्या कायम गर्दा नेपाली बर्षलाई आधार मानी सो बर्षभरी पारित वा निर्णय भई प्रकाशन भएका विषयमा क्रमश: संख्या राखी अर्को बर्ष शुरु भएपछि नयाँ संख्याबाट शुरु गरिनेछ ।

७. **दुर्गाथली राजपत्रमा प्रकाशन गर्ने सामग्री:** दुर्गाथली राजपत्र प्रकाशन गर्दा बिषयवस्तुसँग सम्बन्धित भागको उल्लेख गरी (जस्तै ऐन भए भाग-१ उल्लेख गर्ने) त्यसपछि प्रकाशन सामग्री ( ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्डको प्रस्तावनादेखि अन्तिमसम्म) को सम्पूर्ण व्यहोरा जस्ताको तस्तै राखी प्रकाशन गरिनेछ ।

८. **दुर्गाथली राजपत्र प्रकाशन गर्ने अधिकारी:** दुर्गाथली राजपत्र दुर्गाथली गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको आदेशानुसार प्रकाशन हुनेछ । यसरी प्रकाशन गर्दा राजपत्रको अन्त्यमा "आज्ञाले," भन्ने व्यहोरा उल्लेख गरी प्रमुख प्रशासकीय अधिकृतको नाम र गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत भन्ने बाक्यांश राखी वा प्रमुख प्रशासकीय अधिकृतले कुनै अधिकृतस्तरको कर्मचारीलाई अधिकार प्रत्यायोजन गरेको भए त्यस्तो अधिकारीको नाम र निजको पद उल्लेख गरी प्रकाशन गरिनेछ ।

अनिल प्रसाद जोशी
प्रमुख प्रशासकीय अधिकृत

## भाग- ३

## दुर्गाथली राजपत्रको प्रकाशन, अभिलेख तथा वितरण

९. **दुर्गाथली राजपत्र प्रकाशनको जिम्मेवारी:** (१) प्रमुख प्रशासकीय अधिकृतले कुनै शाखा, एकाइ, वा प्रकाशन गृहलाई दुर्गाथली राजपत्र प्रकाशन सम्वन्धी कामका लागि कार्य विवरण सहित जिम्मेवारी तोक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको शाखा वा एकाइ वा प्रकाशन गृह बाट मात्र दुर्गाथली राजपत्र प्रकाशन गरिनेछ ।

१०. **प्रकाशन पूर्व सम्पादन गर्नुपर्ने:** (१) प्रकाशन हुने सामग्री गाउँ कार्यपालिकाको कानून सम्वन्धी विषय हेर्ने शाखा वा एकाइबाट सम्पादन गरिनेछ ।

(२) उपदफा (१ वमोजिमको सम्पादित प्रति प्रमाणीकरण गरी राजपत्र प्रकाशन गर्ने शाखा/एकाइ वा प्रकाशन गृहमा पठाईनेछ ।

११. **दुर्गाथली राजपत्रको अभिलेख व्यवस्थापन:** (१) प्रमाणीकरण भई आएका सामग्रीको अभिलेख दुरुस्त राखिनेछ ।

(२) उपदफा (१) बमोजिम दुर्गाथली राजपत्रको अभिलेख व्यवस्थापनका लागि छुट्टै पुस्तिका खडा गरी सोही पुस्तिकामा प्रकाशन भएका सामग्रीको सिलसिलेवार संख्या खुलाई अद्यावधिक रुपमा अभिलेख राखिनेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले उपदफा (२) बमोजिमको अभिलेख पुस्तिकालाई प्रमाणित गरिनेछ ।

१२. **निःशुल्क रुपमा उपलब्ध गराउनु पर्ने** : गाउँपालिकाले दुर्गाथली राजपत्रको प्रकाशित प्रति देहायका निकायमा निःशुल्क रुपमा उपलब्ध गराइनेछः

(क) नेपाल सरकार र प्रदेश सरकारको संघीय तथा स्थानीय मामिला हेर्ने मन्त्रालय,

(ख) जिल्ला समन्वय समिति,

(ग) गाउँपालिकाको सूचना तथा अभिलेख केन्द्र,

(घ) सम्बन्धित स्थानीय विभाग/महाशाखा/शाखा, र

(ङ) गाउँपालिकाका प्रत्येक वडा कार्यालय

१३. **वेभ साइटबाट सार्वजनिक गर्नुपर्ने:** गाउँपालिकाबाट प्रकाशित दुर्गाथली राजपत्रलाई गाउँपालिकाको वेभ साइटमा छुट्टै खण्ड (अलग पोर्टल) निर्माण गरी सोबाट समेत सार्वजनिक गरिनेछ ।

१४. **विक्री वितरणको व्यवस्था तथा बिक्री मूल्य:** (१) प्रकाशित दुर्गाथली राजपत्र गाउँपालिकाका वडाहरु र स्थानीय तहको सूचना तथा अभिलेख केन्द्र तथा तोकिएको शाखा वा एकाइमार्फत विक्री वितरणको व्यवस्था मिलाइनेछ ।

(२) दुर्गाथली राजपत्रको देहाय बमोजिमको बिक्री मूल्य निर्धारण गरिएको छ,

**(क) बार्षिक सदस्य बनाई बिक्री गर्दा:** वडा कार्यालय वा दुर्गाथली गाउँपालिकाबाट बुझिलिने गरी बार्षिक सदस्यता शुल्क लिई बिक्री गरेमा बार्षिक रु. ७००/- (सात सय मात्र)

**(ख) खुद्रा बिक्री गर्दा :** दुर्गाथली राजपत्रको सदस्य नभएको कुनै व्यक्ति वा संघ संस्थाले दुर्गाथली राजपत्र लिन चाहेमा देहाय बमोजिमको फुटकर बिक्री मूल्य तोकिएको छ ।

- १ देखि १० पेज सम्म एक प्रतिको — रु.१५ मात्र
- ११ देखि २५ पेज सम्म एक प्रतिको — रु.३० मात्र
- २५ देखि ४० पेज सम्म एक प्रतिको — रु.४० मात्र
- ४० देखि ६० पेज सम्म एक प्रतिको — रु.५० मात्र
- ६० देखि ८० पेज सम्म एक प्रतिको — रु.६० मात्र
- ८० देखि १०० पेज सम्म एक प्रतिको — रु.७० मात्र

अनिल प्रसाद जोशी
प्रमुख प्रशासकीय अधिकृत

- १०० पेज भन्दा बढी जति पेज हुन्छ, त्यसमा थप प्रति पेज ४० पैसाका दरले थप शुल्क लिइनेछ ।

१५. **बिक्रीबाट प्राप्त रकम सञ्चित कोषमा जम्मा गर्ने :** दुर्गाथली राजपत्र बिक्री बापत प्राप्त राजश्व गाउँपालिकाको सञ्चित कोषमा जम्मा गरिनेछ ।

१६. **कार्यविधिको व्याख्या:** यस कार्यविधिको कार्यान्वयन गर्ने क्रममा कुनै द्विविधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

१७. **बचाऊ:** यो कार्यविधि लागू हुनुभन्दा अगावै गाउँपालिकाले पारित गरी लागू गरेका कानुन, ऐन, नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड यसै कार्यविधि बमोजिम प्रकाशन भएको मानिनेछ ।

अनिल प्रसाद जोशी
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

दुर्गाथली गाउँपालिका

# दुर्गाथली राजपत्र

## दुर्गाथली गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट प्रकाशित

खण्डः... संख्याः... मितिः ..../../..

भाग-१

**दुर्गाथली गाउँपालिका**

ऐन तथा सभाले बनाएको नियमको सम्पूर्ण व्यहोरा

आज्ञाले,

नाम

प्रमुख प्रशासकीय अधिकृत

दुर्गाथली गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

अनिल प्रसाद जोशी
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

दुर्गाथली गाउँपालिका

# दुर्गाथली राजपत्र

## दुर्गाथली गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट प्रकाशित

खण्डः...  संख्याः...  मितिः ..../../..

भागः-२

दुर्गाथली गाउँपालिका

कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार वा अर्को स्थानीय तहसँग भएको सम्झौताको व्यहोरा

आज्ञाले,

नाम

प्रमुख प्रशासकीय अधिकृत

८२।३।६

अनिल प्रसाद जोशी
प्रमुख प्रशासकीय अधिकृत

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौधारी, बजुरा
सुदूर पश्चिम प्रदेश, नेपाल

## अनुसूची- १

(दफा ३ सँग सम्बन्धित)

### दुर्गाथली राजपत्रमा प्रकाशन गर्ने विषयवस्तु र भागहरु

**भाग-१**

यस भागमा दुर्गाथली गाउँ सभाबाट पारित भई सभाको अध्यक्षबाट प्रमाणीकरण भएका ऐन तथा सभाका नियमहरु प्रकाशन गरिनेछ ।

**भाग-२**

यस भागमा गाउँ कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार तथा अर्को स्थानीय तहसँग भएको सम्झौताको व्यहोरा प्रकाशन गरिनेछ ।

दुर्गाथली गाउँपालिका

अनिल प्रसाद जोशी
प्रमुख प्रशासकीय अधिकृत